# नेपाल राष्ट्र बैंक

### अनुसन्धान विभाग

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

***(आर्थिक वर्ष २०७२/७३ को दश महिनाको तथ्याङ्कमा आधारित)***

## आर्थिक परिदृश्य

१. चालु आर्थिक वर्ष २०७२/७३ को प्रथम दश महिनासम्मको उपलब्ध तथ्याङ्कलाई विश्लेषण गर्दा मुलुकको आर्थिक परिदृश्यमा क्रमिक सुधार हुँदै आएको देखिन्छ । मुलुकको दक्षिणी भन्सार नाकाहरूमा भएको अवरोध हटे सँगै बैंक तथा वित्तीय संस्थाहरूको कर्जा प्रवाह, सरकारी राजस्व सङ्कलन एवम् पुँजीगत खर्चमा भएको वृद्धिबाट आर्थिक क्रियाकलाप सुधारोन्मुख रहेको विश्वास गर्न सकिन्छ ।

२. चालू आर्थिक वर्षमा उत्पादकको मूल्यमा आर्थिक वृद्धिदर ०.५६ प्रतिशतमात्र रहने परिप्रेक्ष्यमा पछिल्लो समयमा निर्माणजन्य लगायत अन्य आर्थिक गतिविधिमा देखिएको सुधारले आगामी आर्थिक वर्षको लागि तय गरिएको ६.५ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य प्राप्ति त्यति चुनौतीपूर्ण नरहने देखिन्छ ।


३. आयातमा कमी आएको भए तापनि राजस्व सङ्कलनको साप्ताहिक विवरणलाई आधार मान्दा चालू आर्थिक वर्षको लागि लक्षित रु. ४७५ अर्ब भन्दा बढी राजस्व सङ्कलन हुने देखिन्छ ।

४. बाह्य क्षेत्रतर्फ निजी क्षेत्रको विप्रेषण आप्रवाह वृद्धिदर निरन्तर घट्दै गएको छ । यसले आगामी दिनमा वाह्य क्षेत्र स्थायित्वमा चुनौती थपिने आशङ्का पैदा भएको छ ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

५. २०७३ वैशाख महिनामा उपभोक्ता मुद्रास्फीति १० प्रतिशत पुगेको छ । २०७२ पुस महिनामा १२.१ प्रतिशतको उच्चतम बिन्दुमा पुगेको मुद्रास्फीति त्यसपछिका महिनाहरूमा क्रमिक रूपमा घट्दो क्रममा रहेको थियो । दक्षिणी सीमाका भन्सार नाकाहरूको अवरोध सहज भई इन्धन लगायत उपभोग्य वस्तुहरूको आपूर्ति सामान्यीकरण हुँदै गए तापनि घर भाडा तथा शिक्षा सम्बन्धी खर्चमा वृद्धि हुन गएकोले उपभोक्ता मुद्रास्फीति पुनः केही बढ्न गएको छ ।



चार्ट १: उपभोक्ता मुद्रास्फीति (दशमहिना)

६. वार्षिक बिन्दुगत आधारमा २०७३ वैशाखमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क वृद्धिदर ९.६ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क वृद्धिदर १०.४ प्रतिशत रहेको छ ।

७. समीक्षा अवधिमा दलहन तथा गेडागुडीको मूल्य सबैभन्दा बढी २३.४ प्रतिशत र तरकारीको मूल्य २०.१ प्रतिशतले बढेको छ । त्यसैगरी, लत्ता कपडा तथा जुत्ता, घरायसी सामान तथा सेवा र मदिराजन्य पेय पदार्थको मूल्यमा क्रमशः १७ प्रतिशत, १६.४ प्रतिशत र १५.९ प्रतिशतले वृद्धि भएको छ ।

८. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा उपभोक्ता मुद्रास्फीति काठमाडौं उपत्यकामा ११.५ प्रतिशत, पहाडमा ११ प्रतिशत, हिमालमा ९.१ प्रतिशत र तराईमा ८.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा मूल्य वृद्धिदर काठमाडौं उपत्यकामा ६.८ प्रतिशत, पहाडमा ७.७ प्रतिशत र तराईमा ६.९ प्रतिशत रहेको थियो ।

### नेपाल र भारतबीचको उपभोक्ता मुद्रास्फीति अन्तर

९. २०७३ को वैशाख महिनामा भारतको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.८ प्रतिशत रहेको तुलनामा नेपालको मुद्रास्फीति निरन्तर उच्च रहँदै १० प्रतिशत पुगेको छ । समीक्षा अवधिमा यी दुई मुलुकबीचको उपभोक्ता मुद्रास्फीति अन्तर ४.२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाल तथा भारतमा यस्तो मुद्रास्फीति क्रमशः ७.१ प्रतिशत र ५ प्रतिशत रहेकोले दुई मुलुकबीचको उपभोक्ता मुद्रास्फीति अन्तर २.१ प्रतिशत रहेको थियो । २०७२ वैशाखमा गएको विनाशकारी भूकम्पको अन्तराल प्रभाव, तराईको आन्दोलन र दक्षिणका व्यापार नाकाहरूमा भएको अवरोधका कारण नेपाल र भारतबीच मुद्रास्फीति दरको अन्तरमा वृद्धि हुन गएको हो ।

### थोक मुद्रास्फीति

१०. आर्थिक वर्ष २०७२/७३ को वैशाख महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति दर ५.८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ५.१ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा थोक मूल्यअन्तर्गत कृषिजन्य वस्तुहरूको मूल्य सूचकाङ्क ९.६ प्रतिशतले र स्वदेशमा उत्पादित वस्तुहरूको मूल्य सूचकाङ्क ६ प्रतिशतले वृद्धि भएको छ भने आयातित वस्तुहरूको मूल्य सूचकाङ्क २.८ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा कृषिजन्य वस्तुहरूको मूल्य सूचकाङ्क ८.८ प्रतिशतले र स्वदेशमा उत्पादित वस्तुहरूको मूल्य सूचकाङ्क ४.५ प्रतिशतले वृद्धि भएको थियो भने आयातित वस्तुहरूको मूल्य सूचकाङ्क २.१ प्रतिशतले घटेको थियो ।

### राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क


११. समीक्षा अवधिमा वार्षिक बिन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क ५.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क ७.२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्कमा ०.८ प्रतिशत र ज्यालादर सूचकाङ्कमा ६.३ प्रतिशतले वृद्धि भएको छ । तलबअन्तर्गत बैंक तथा वित्तीय संस्था, शिक्षा र सार्वजनिक संस्थान उप-समूहहरूको तलब सूचकाङ्क क्रमशः २.३ प्रतिशत, १.५ प्रतिशत र ०.७ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, ज्यालादर अन्तर्गत निर्माण मजदुर, कृषि मजदुर र औद्योगिक मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः ११.३ प्रतिशत, ६.२ प्रतिशत र ५ प्रतिशतले वृद्धि भएको छ ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

१२. आर्थिक बर्ष २०७२/७३ को दश महिनामा कुल वस्तु निर्यात २१.७ प्रतिशतले ह्रास आई रु. ५५ अर्ब ६० करोडमा सीमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यातमा ५.५ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा

चार्ट २: वैदेशिक व्यापार (दश महिना)



भारततर्फ ३३.४ प्रतिशत र चीनतर्फ ३५.६ प्रतिशतले गिरावट आएको निर्यात अन्य मुलुकतर्फ भने ४.१ प्रतिशतले बढेको छ । वस्तुगत आधारमा भारततर्फ जिङ्क शीट, जि.आई. पाइप, जुस, पोलिष्टर यार्न लगायतका वस्तुहरू र चीनतर्फ प्रशोधित छाला, चाउचाउ, तयारी पोसाक लगायतका वस्तुहरूहरूको निर्यात घटेको छ भने अन्य मुलुकतर्फ ऊनी गलैंचा, तयारी पोसाक, पश्मिना, चिया लगायतका वस्तुहरूको निर्यात बढेको छ ।

१३. समीक्षा अवधिमा कुल वस्तु आयात ४.६ प्रतिशतले घटेर रु. ५९९ अर्ब ३६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ८.१ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा चीनबाट भएको आयात ९.५ प्रतिशतले बढेको छ भने भारत र अन्य मुलुकबाट भएको आयात क्रमशः ७.८ प्रतिशत र ४.१ प्रतिशतले घटेको छ । वस्तुगत आधारमा रासायनिक मल, दूरसञ्चारका उपकरण तथा पार्ट्स, तयारी पोसाक लगायतका वस्तुको आयात बढेको कारण चीनबाट भएको आयात बढेको हो भने पेट्रोलियम पदार्थ, एम.एस.विलेट, रासायनिक मल, हटरोल्ड सिट ईन क्वायल लगायतका वस्तुहरूको आयात घटेको कारण भारतबाट र चाँदी, हवाईजहाजका पार्टपूर्जा, खाने तेल, सुपारी लगायतका वस्तुहरूको आयात घटेको कारण अन्य मुलुकबाट भएको आयात घटेको हो ।

१४. भन्सार नाकाका आधारमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार नाका र सुख्खा बन्दरगाह भन्सार नाका, वीरगञ्ज नाकाबाट भएको निर्यातमा वृद्धि भए तापनि अन्य भन्सार नाकाहरूबाट भएको निर्यातमा कमी आएको छ । त्यसैगरी, आयाततर्फ समीक्षा अवधिमा मुलुकको प्रमुख व्यापारिक नाका वीरगञ्ज भन्सार नाकाबाट हुने आयातमा कमी आएको छ भने अन्य नाकाबाट भएको आयातमा वृद्धि भएको छ । तातोपानी भन्सार नाकाबाट हुने व्यापार अझै सुचारु हुन सकेको छैन ।

१५. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा २.४ प्रतिशतले घटी रु. ५४३ अर्ब ७६ करोडमा सीमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा १०.१ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा निर्यात-आयात अनुपात ९.३ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ११.३ प्रतिशत रहेको थियो ।

## निर्यात आयात मूल्य सूचकाङ्क

१६. आर्थिक वर्ष २०७२/७३ को दशौं महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) वार्षिक बिन्दुगत आधारमा २०.३ प्रतिशतले वृद्धि भएको तर आयात मूल्य सूचकाङ्कमा ४.६ प्रतिशतले कमी आएकोले व्यापारको सर्त (Terms of Trade) मा २६.१ प्रतिशतले सुधार भएको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो अनुपात १६ प्रतिशतले बढेको थियो । गलैंचा, सुपारी, यार्सागुम्बाको निर्यात मूल्यमा वृद्धि भएको कारण निर्यात मूल्य सूचकाङ्कमा वृद्धि भएको हो भने पेट्रोलियम पदार्थहरूको आयातित मूल्यमा कमी आएको कारण आयात मूल्य सूचकाङ्कमा कमी आएको हो ।

## सेवा

१७. समीक्षा अवधिमा कुल सेवा आयमा ६ प्रतिशतले कमी आएको र कुल सेवा खर्च ४.६ प्रतिशतले वृद्धि भएको कारण खुद सेवा आय बचत ५७.४ प्रतिशतले घटेर रु. ८ अर्ब ७७ करोडमा खुम्चिएको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु. २० अर्ब ५७ करोडले बचतमा रहेको थियो ।

## विप्रेषण आप्रवाह

१८. समीक्षा अवधिमा विप्रेषण आप्रवाह १०.२ प्रतिशतले वृद्धि भई रु. ५३८ अर्ब ८७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १० प्रतिशतले वृद्धि भएको थियो । विप्रेषण आप्रवाहमा भएको वृद्धिका कारण खुद ट्रान्सफर आय ११.८ प्रतिशतले वृद्धि भई रु. ६२८ अर्ब ७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ८ प्रतिशतले बढेको थियो ।

१९. विप्रेषण आप्रवाहलाई प्रत्यक्ष प्रभाव पार्ने वैदेशिक रोजगारीमा जाने नेपालीहरूको सङ्ख्यामा भने कमी आएको छ । अन्तिम श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको सङ्ख्या आर्थिक वर्ष २०७२/७३ को दश महिनामा गत वर्षको सोही अवधिको तुलनामा २२.२ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ८.९ प्रतिशतले बढेको थियो ।

**बक्स १: बैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका नेपाली कामदारहरूको संख्या***

| महिना/बर्ष | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
|---|---|---|---|
| साउन | ४५९३७ | ४२३०९ | ३७७५६ |
| भदौ | २४२१४ | ५१५५१ | ४०२७५ |
| असोज | ३१९५९ | ३५५५० | ३५४८४ |
| कात्तिक | ३१९४९ | ४३२१३ | २३०६१ |
| मंसिर | ४१६३४ | ५३३५४ | ३८३५० |
| पुस | ५००३२ | ४५३६२ | ३५३८९ |
| माघ | ३७२८५ | ४८९४१ | ३४२१९ |
| फागुन | ४८५५२ | ४४४६० | ३५७०१ |
| चैत | ४५८५४ | ५२२१० | ३१६१५ |
| वैशाख | ५४१७३ | ३१३७५ | ३६७७८ |
| जेठ | ५४९२६ | ३७९६२ | - |
| असार | ६१७१७ | २६६०० | - |
| **कुल** | **५२८२३२** | **५१२८८७** | **३४८६२८** |
| प्रतिशत परिवर्तन (पहिलो दश महिना) | २४.५ | ८.९ | -२२.२ |

* अन्तिम श्रम स्वीकृतिमा आधारित ।
स्रोत: वैदेशिक रोजगार विभाग ।

## चालू खाता एवम् शोधनान्तर स्थिति

२०. अघिल्लो वर्षको पहिलो दश महिनामा रु. ७१ अर्ब ३९ करोडले बचतमा रहेको चालू खाता समीक्षा अवधिमा रु. १३४ अर्ब ३० करोडले बचतमा रहेको छ । त्यसैगरी, अघिल्लो वर्षको पहिलो दश महिनामा रु. १०१ अर्ब १५ करोडले बचतमा रहेको समग्र शोधनान्तर बचत समीक्षा अवधिमा रु. १६६ अर्ब ८३ करोडले बचतमा रहेको छ ।

२१. समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर रु. ११ अर्ब ५९ करोड र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. ४ अर्ब ६४ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर रु. ११ अर्ब ५६ करोड र प्रत्यक्ष वैदेशिक लगानी रु. ३ अर्ब १५ करोड रहेको थियो ।

**बक्स २: प्रत्यक्ष वैदेशिक लगानीमा लाभांश भुक्तानीको स्थिति***
(रु. करोडमा)

| क्षेत्र | २०७१/७२ वार्षिक | २०७२/७३ को वैशाखसम्म |
|---|---|---|
| वित्तीय क्षेत्र | १७९.४४ | ०.८३ |
| सञ्चार क्षेत्र | ०.४० | १६९.२८ |
| जलविद्युत क्षेत्र | २८७.४५ | ३१५.४३ |
| औद्योगिक क्षेत्र | २२९.९२ | १२६.४५ |
| सेवा क्षेत्र | २३.८६ | ०.४१ |
| **जम्मा** | **७२१.०७** | **६१२.४०** |


* नेपाल राष्ट्र बैंकबाट लाभांश लैजानका लागि प्रदान गरिएको स्वीकृतिका आधारमा ।

२२. नेपाल राष्ट्र बैंकबाट लिइएको स्वीकृतिका आधारमा समीक्षा अवधिमा प्रत्यक्ष वैदेशिक लगानीमा रु. ६ अर्ब १२ करोड लाभांश भुक्तानी भएको छ । गत आर्थिक वर्षमा प्रत्यक्ष वैदशिक लगानीको लाभांश स्वरूप रु. ७ अर्ब २१ करोड भुक्तानी भएको थियो ।

## विदेशी विनिमय सञ्चिति

२३. कुल विदेशी विनिमय सञ्चिति २०७२ असार मसान्तको रु. ८२४ अर्ब ६ करोडबाट २३ प्रतिशतले वृद्धि भई २०७३ वैशाख मसान्तमा रु. १०१३ अर्ब ४४ करोड पुगेको छ । कुल विदेशी विनिमय सञ्चितिमध्ये

चार्ट ३: कुल बिदेशी बिनिमय सञ्चिति (दश महिना)



नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७२ असार मसान्तको तुलनामा २०७३ वैशाख मसान्तमा २३.९ प्रतिशतले वृद्धि भई रु. ८७० अर्ब ९९ करोड पुगेको छ । त्यसैगरी बैंक तथा वित्तीय संस्थाहरू (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति १७.७ प्रतिशतले वृद्धि भई रु. १४२ अर्ब ४५ करोड पुगेको छ । कुल सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २२.५ प्रतिशत रहेको छ ।

### सञ्चिति पर्याप्तता सूचकहरू

२४. आर्थिक वर्ष २०७२/७३ को दश महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १७.३ महिनाको वस्तु आयात र १४.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । समीक्षा अवधिमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन आर्थिक वर्ष २०७१/७२ को संशोधित अनुमान र २०७२/७३ को प्रारम्भिक अनुमानमा आधारित कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ४५.१ प्रतिशत, १२२ प्रतिशत र ४८.१ प्रतिशत रहेका छन् । २०७२ असार मसान्तमा यस्ता अनुपातहरू क्रमशः ३८.९ प्रतिशत, ९३.३ प्रतिशत र ४३.९ प्रतिशत रहेका थिए ।

### अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम एवम् सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

२५. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७२ वैशाख मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ६५.५८ रहेकोमा २०७३ वैशाख मसान्तमा २८.३ प्रतिशतले ह्रास आई प्रति ब्यारल अमेरिकी डलर ४७.०५ कायम भएको छ । त्यसैगरी, सुनको मूल्य २०७२ वैशाख मसान्तमा प्रति आउन्स अमेरिकी डलर १२२५ रहेकोमा २०७३ वैशाख मसान्तमा ३.३ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर १२६५.९० पुगेको छ ।

२६. २०७२ असार मसान्तको तुलनामा २०७३ वैशाख मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग ४.८ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ६.१ प्रतिशतले अवमूल्यन भएको थियो । २०७३ वैशाख मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १०६.२७ पुगेको छ । २०७२ असार मसान्तमा उक्त विनिमय दर रु. १०१.१४ रहेको थियो ।

## सरकारी वित्त स्थिति*

### बजेट घाटा/बचत


२७. आर्थिक वर्ष २०७२/७३ को दश महिनामा नगद प्रवाहमा आधारित सरकारी बजेट रु. ६४ अर्ब ८२ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. ५३ अर्ब ९० करोडले बचतमा रहेको थियो ।

**बक्स ३: वजेटको प्रगति**

| शीर्षक | बजेट अनुमान (रु. करोडमा) | दश महिनाको प्रगति | |
|---|---|---|---|
| | | रु. करोडमा | बजेट अनुमानको प्रतिशतमा |
| **कुल खर्च** | **८१९४६.९** | **३३३१४.४९** | **४०.७** |
| चालू खर्च | ४८४२६.६ | २४०९९.४९ | ४९.८ |
| पुँजीगत खर्च | २०८८७.७ | ४२९८.६८ | २०.६ |
| वित्तीय व्यवस्था खर्च | १२६३२.५ | ४९१६.३२ | ३८.९ |
| **राजस्व** | **४७५०१.२** | **३५०२६.६८** | **७३.७** |

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरू, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६९ वटा शाखाहरू, नेपाल बैंक लिमिटेडका ४९ वटा मध्ये ४६ वटा शाखाहरू, कृषि विकास बैंक लिमिटेडका २२ वटा शाखाहरू मध्ये १९ वटा शाखाहरू, एभरेष्ट बैंक लिमिटेडका ९ वटा शाखाहरू, ग्लोबल आईएमई बैंक लिमिटेडका ४ वटा शाखाहरू र नेपाल वंगलादेश बैंक लिमिटेड, एनएमबी बैंक लिमिटेड र बैक अफ काठमाडौको १/१ शाखा र जिल्लास्थित ७९ वटै कोष तथा लेखा नियन्त्रण कार्यालयहरू र भुक्तानी केन्द्रहरूबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

## सरकारी खर्च



चार्ट : ४ राजस्व तथा कुल खर्च वृद्धिदर (दश महिना)

२८. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ८ प्रतिशतले बढी रु. ३३३ अर्ब १४ करोड पुगेको छ । यो रकम बजेट अनुमान रु. ८१९ अर्ब ४७ करोडको ४०.७ प्रतिशत हुन आउँछ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी खर्च १६.२ प्रतिशतले वृद्धि भई रु. ३०८ अर्ब ३५ करोड पुगेको थियो ।

२९. समीक्षा अवधिमा चालू खर्च ८.२ प्रतिशतले वृद्धि भई रु. २४० अर्ब ९९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च ४.१ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा पुँजीगत खर्चमा १८.८ प्रतिशतले वृद्धि भई रु. ४२ अर्ब ९९ करोड पुगेको छ । इन्धन एवम् निर्माण सामग्रीको अभावका कारण कतिपय महत्वपूर्ण आयोजनाहरू अवरुद्ध भएका तथा भूकम्प पछिको पुनर्निर्माणको कार्य समेत प्रभावित भएका कारण पुँजीगत खर्च अपेक्षित रूपमा हुन नसकेको हो । अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत खर्च १८ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा भएको पुँजीगत खर्च बजेट अनुमान रु. २०८ अर्ब ८८ करोडको २०.६ प्रतिशत मात्र हुन आउँछ ।

## सरकारी राजस्व


३०. यस वर्षको दुई महिना देखि नौ महिनासम्म लगातार ऋणात्मक रहेको राजस्वको वृद्धिदर दशौं महिनामा आँउदा सकारात्मक भएको छ । समीक्षा अवधिमा नेपाल सरकारको राजस्व सङ्कलन ११.९ प्रतिशतले वृद्धि भई रु. ३५० अर्ब २७ करोडमा पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व ११.७ प्रतिशतले वृद्धि भएको थियो । राजस्व सङ्कलनको वर्तमान प्रवृत्ति कायम रहेमा कुल राजस्व बजेट लक्ष्य रु. ४७५ अर्ब भन्दा पनि बढी उठ्ने देखिन्छ ।

## सार्वजनिक ऋण तथा सरकारको नगद मौज्दात

३१. समीक्षा अवधिमा नेपाल सरकारले रु. ८२ अर्ब ६६ करोड बराबर आन्तरिक ऋण परिचालन गरेको छ भने यस अवधीमा रु. २६ अर्ब ३० करोड बराबरको आन्तरिक ऋणको भुक्तानी गरेको छ । फलस्वरूप, नेपाल सरकारको तिर्न बाँकी आन्तरिक ऋण २०७२ असार मसान्तमा रु. १९६ अर्ब ७९ करोड रहेकोमा २०७३ वैशाख मसान्तमा रु. २५३ अर्ब १५ करोड पुगेको छ । स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून भएकोले २०७३ वैशाख मसान्तमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रु. २१० अर्ब २२ करोड नगद मौज्दात कायम रहेको छ ।

# मौद्रिक तथा वित्तीय स्थिति

## मुद्राप्रदाय



चार्ट ५: मौद्रिक स्थिति (दश महिना)


३२. समीक्षा अवधिमा विस्तृत मुद्राप्रदाय १२.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय १२.६ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७३ वैशाख मसान्तमा विस्तृत मुद्राप्रदाय १९.७ प्रतिशतले बढेको छ ।

३३. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. १६६ अर्ब ८३ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. १०१ अर्ब १५ करोडले बढेको थियो ।

३४. समीक्षा अवधिमा सञ्चित मुद्रा २.१ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ६ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७३ वैशाख मसान्तमा उक्त मुद्रा १०.७ प्रतिशतले बढेको छ ।

## कुल आन्तरिक कर्जा

३५. समीक्षा अवधिमा कुल आन्तरिक कर्जा ६.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ८.१ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा यस बैंकमा रहेको नेपाल सरकारको निक्षेप बढेकोले कुल आन्तरिक कर्जाको वृद्धिदरमा केही कमी आएको हो । वार्षिक बिन्दुगत आधारमा २०७३ वैशाख मसान्तमा यस्तो कर्जा १४.४ प्रतिशतले बढेको छ ।




३६. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी १६.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दावी १५.४ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा निजी क्षेत्रमाथिको दावी २०७३ वैशाख मसान्तमा २०.६ प्रतिशतले बढेको छ ।

## निक्षेप सङ्कलन

३७. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ११.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप १२.४ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंक र विकास बैंकहरूको निक्षेप क्रमशः १२ प्रतिशत र ७.३ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा २०७३ वैशाख मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १९.५ प्रतिशतले बढेको छ ।

## कर्जा प्रवाह

३८. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १६.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १५ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूको कर्जा प्रवाह क्रमशः १७.६ प्रतिशत, १२.९ प्रतिशत र ३.२ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा २०७३ वैशाख मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा २१.१ प्रतिशतले बढेको छ ।

३९. समीक्षा अवधिमा कृषि, औद्योगिक उत्पादन, निर्माण तथा सेवा उद्योग जस्ता प्रमुख क्षेत्रहरूमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा कर्जा प्रवाह केही न्यून भएको छ । समीक्षा अवधिमा कृषि क्षेत्रतर्फको कर्जा १३.६ प्रतिशत, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा १२.५ प्रतिशत, निर्माण क्षेत्रतर्फको कर्जा १२.३ प्रतिशत, सेवा उद्योगतर्फको कर्जा १०.९ पतिशत, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा १८ प्रतिशत र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा २७.५ प्रतिशतले बढेको छ ।

४०. २०७३ वैशाखसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहिरहेको कर्जामध्ये ६१.५ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १४.२ प्रतिशत कर्जा चालू सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा

प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमश: ५९.६ प्रतिशत र १२.९ प्रतिशत रहेको थियो ।

४१. २०७३ वैशाखसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको कुल लगानीमा रहेको कर्जामध्ये घरजग्गा (Real Estate) क्षेत्रमा रु. २३३ अर्ब ८० करोड (प्रति ग्राहक रु. १ करोडभन्दा कमको रु. १३३ अर्ब ९१ करोडको आवासीय घरकर्जा समेत) रहेको छ । उक्त कर्जा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित कुल कर्जाको १४.८ प्रतिशत हुन आउँछ । २०७३ वैशाख मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूले सेयरको धितोमा प्रवाह गरेको मार्जिन प्रकृतिको कर्जा कुल कर्जाको २ प्रतिशत (रु. ३२ अर्ब २१ करोड) रहेको छ भने वाणिज्य बैंकहरूबाट साना तथा मझौला व्यवसायमा प्रवाहित कर्जा (SMEs Loan) कुल कर्जाको २.५ प्रतिशत (रु. ३२ अर्ब ९२ करोड) छ ।

४२. समीक्षा अवधिमा वाणिज्य बैंकहरूबाट प्रवाहित ट्रष्ट रिसिट कर्जा (आयात कर्जा) २७ प्रतिशत (रु. १४ अर्ब ८८ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा २१.१ प्रतिशतले बढेको थियो ।

## तरलता व्यवस्थापन

**बक्स ४: तरलता प्रशोचन लागत (रु.करोडमा)**

| तरलता प्रशोचन उपकरण | २०७१/७२ (वार्षिक) | | २०७२/७३ (दश महिना) | |
|---|---|---|---|---|
| | परिमाण | ब्याज लागत | परिमाण | ब्याज लागत |
| निक्षेप सङ्कलन बोलकबोल | १५५०० | १७.०५ | २९७५० | ६२.१२ |
| रिभर्स रिपो बोलकबोल | ३१५८० | ०.२८ | १७०९५ | ०.८६ |
| सोझै बिक्री बोलकबोल | ६०० | १.७३ | ९१० | २.९० |
| **कुल** | **४७६८०** | **१९.०६** | **४७७५५** | **६५.८८** |

४३. आर्थिक वर्ष २०७२/७३ को दश महिनासम्ममा यस बैंकले रु. ४७७ अर्ब ५५ करोड तरलता प्रशोचन गरेको छ । यसमध्ये, पटक-पटक गरी निक्षेप बोलकबोल मार्फत रु. २९७ अर्ब ५० करोड, रिभर्स रिपो मार्फत (टर्नओभरको आधारमा) रु. १७० अर्ब ९५ करोड तथा सोझै बिक्री बोल-कबोल मार्फत रु. ९ अर्ब १० करोड तरलता प्रशोचन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप बोल-कबोल मार्फत रु. १०५ अर्ब, रिभर्स रिपो मार्फत रु. २७९ अर्ब ८० करोड तथा सोझै बिक्री बोल-कबोल मार्फत रु. ६ अर्ब तरलता प्रशोचन भएको थियो ।

४४. आर्थिक वर्ष २०७२/७३ को दश महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर ३ अर्ब ७१ करोड खुद खरिद गरी रु. ३९२ अर्ब २५ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर ३ अर्ब ८ करोड खुद खरिद गरी रु. २९९ अर्ब ६५ करोड खुद तरलता प्रवाह भएको थियो ।

४५. समीक्षा अवधिमा अमेरिकी डलर २ अर्ब ८० करोड र यूरो ११ करोड बिक्री गरी रु. ३०८ अर्ब ४४ करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर २ अर्ब ८८ करोड बिक्री गरी रु. २८४ अर्ब ७७ करोड बराबरको भा.रु. खरिद भएको थियो ।

## पुनरकर्जा तथा उत्पादनशील कर्जा

४६. उत्पादनशील क्षेत्रतर्फ लगानी तथा निर्यात विस्तारमा समेत सहयोग पुऱ्याउने उद्देश्यले यस बैंकबाट सहुलियत दरमा प्रदान गरिने पुनरकर्जाको उपयोग समीक्षा अवधिमा घटेको छ । समीक्षा अवधिमा साधारण पुनरकर्जा रु. ४ अर्ब ५७ करोड र निर्यात पुनरकर्जा रु. १ अर्ब १७ करोड गरी जम्मा रु. ५ अर्ब ७४ करोड पुनरकर्जाको उपयोग भएको छ । अघिल्लो वर्षको सोही अवधिमा साधारणतर्फ रु. ४ अर्ब ८ करोड र निर्याततर्फ रु. १ अर्ब ९८ करोड गरी कुल रु. ६ अर्ब ६ करोड पुनरकर्जा उपयोग

भएको थियो । त्यसैगरी, भूकम्प पीडितहरूलाई राहत प्रदान गर्न यस बैंकबाट शून्य ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था अन्तर्गत २०७३ वैशाख मसान्तसम्म रु. १ करोड ६५ लाख कर्जा प्रवाह भएको छ ।

४७. वाणिज्य बैंकहरूले उत्पादनशील क्षेत्रमा कुल कर्जाको २० प्रतिशत कर्जा प्रदान गर्नुपर्ने नीतिगत व्यवस्था रहेकोमा २०७३ वैशाख मसान्तसम्ममा वाणिज्य बैंकहरूको यस्तो कर्जा अनुपात १५.९९ प्रतिशत पुगेको छ । २०७२ चैत मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरूले कुल कर्जाको ५.५३ प्रतिशत कर्जा विपन्न वर्गमा प्रवाह गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जाको अनुपात ५.०८ प्रतिशत थियो ।

४८. तोकिएका कृषि व्यवसायको लागि बैंक तथा वित्तीय संस्थाहरूबाट ६ प्रतिशतको सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउने व्यवस्था अर्न्तगत २०७२ चैत मसान्तसम्ममा २३२३ जना किसानहरूलाई रु. १ अर्ब ९६ करोड कर्जा प्रवाह भएको छ । यस व्यवस्था अन्तर्गत बैंक तथा वित्तीय संस्थाहरूले रु. ३ करोड ११ लाख ब्याज अनुदान प्राप्त गरेका छन् भने रु. ६५ लाख ४२ हजार ब्याज अनुदान सोधभर्नाको प्रक्रियामा रहेको छ ।

## अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग

४९. आर्थिक वर्ष २०७२/७३ को दश महिनामा वाणिज्य बैंकहरूले रु. ७७७ अर्ब ७२ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) ले रु. ७३ अर्ब १३ करोडको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरू र अन्य वित्तीय संस्थाहरूले क्रमशः रु. ३४६ अर्ब ३२ करोड र रु. १८६ अर्ब ३२ करोडको यस्तो कारोबार गरेका थिए । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूले रु. ८ अर्ब ५५ करोडको स्थायी तरलता सुविधाको उपयोग गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा रु. ७ अर्ब ८७ करोडको स्थायी तरलता सुविधाको उपयोग भएको थियो ।

## ब्याजदर

५०. २०७२ वैशाखको तुलनामा २०७३ वैशाखमा ९१-दिने ट्रेजरी विल र वाणिज्य बैंकहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर बढेको छ । २०७२ वैशाखमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ०.५९ प्रतिशत रहेकोमा २०७३ वैशाखमा १.३४ प्रतिशत रहेको छ । त्यसैगरी, वाणिज्य बैंकहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७२ वैशाखको ०.४४ प्रतिशतको तुलनामा २०७३ वैशाखमा ३.४४ प्रतिशत रहेको छ । अन्य वित्तीय संस्थाहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७२ वैशाखको ३.९१ प्रतिशतको तुलनामा २०७३ वैशाखमा २.७५ प्रतिशत रहेको छ ।

५१. २०७३ वैशाखमा वाणिज्य बैंकहरूको कर्जा तथा निक्षेपबीचको भारित औसत ब्याजदर अन्तर ४.७५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको वैशाखमा यस्तो ब्याजदर अन्तर ४.६२ प्रतिशत रहेको थियो । त्यसैगरी, वाणिज्य बैंकहरूको औसत आधार ब्याजदर २०७२ वैशाखको ७.७६ प्रतिशतको तुलनामा २०७३ वैशाखमा ६.२९ प्रतिशत कायम हुन आएको छ ।

## मर्जर/प्राप्ति तथा रिजोलुसन

५२. वित्तीय स्थायित्व अभिवृद्धि गर्न अवलम्बन गरिएको मर्जर नीति कार्यान्वयनमा आएसँगै मर्ज हुने बैंक तथा वित्तीय संस्थाहरूको संख्या बढ्दै गएको छ । “बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने सम्बन्धी विनियमावली, २०६८” कार्यान्वयनमा आएपछि २०७३ वैशाख मसान्तसम्ममा ८९ वटा बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा मर्ज भई ३३ वटा संस्था बनेका छन् । त्यसैगरी, एउटा वाणिज्य बैंकले दुईवटा वित्त कम्पनीहरू र एक विकास बैंकले अर्को एक विकास बैंक प्राप्ति (Acquisition) गरेका छन् ।

५३. २०७२ चैत मसान्तमा ११ वटा संस्थाहरू (२ विकास बैंक र ९ वित्त कम्पनीहरू) रिजोलुसनको प्रक्रियामा रहेका छन् । उक्त संस्थाहरूमा निक्षेप रु. ३ अर्ब ४३ करोड रहेको छ भने कर्जा लगानी रु.६ अर्ब ७७ करोड रहेको छ । यी संस्थाहरूको  खराव कर्जा करिब ९५ प्रतिशत रहेको छ भने समग्र पुँजीकोष करीब ३८ प्रतिशतले ऋणात्मक छ ।

## नियमन व्यवस्था

५४. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस बैंकबाट समस्याग्रस्त घोषणा गरिएका बैंक तथा वित्तीय संस्थाको शाखा खरिद गर्न सक्ने, उच्च गरिबी रहेका तोकिएका १० जिल्लाहरू र गरिबीको गहनता बढी भएका दक्षिणी सीमावर्ती क्षेत्रका तोकिएका गाउँ विकास समिति तथा नगरपालिका क्षेत्रमा कृषि तथा साना व्यवसायमा प्रवाहित रु. ५ लाखसम्मको कर्जामा विशेष पुनरकर्जा सुविधा प्रदान गर्ने तथा उक्त क्षेत्रमा शाखा खोल्न यस बैंकको पूर्व स्वीकृति लिनु नपर्ने, प्रमुख सहरहरूमा सञ्चालन हुने सार्वजनिक यातायात सञ्चालन गर्ने सङ्गठित संस्थालाई प्रदान गरिने कर्जालाई उत्पादनमूलक कर्जामा गणना गर्ने र Magnetic Strip Card लाई Chip Based Card मा प्रतिस्थापन गर्ने लगायतका निर्देशनहरू जारी गरिएका छन् ।

५५. तराई आन्दोलन तथा सीमा क्षेत्रमा भएको व्यापार एवम् पारवहन अवरोधले सृजना गरेको असहज परिस्थितिका कारण समयमै कर्जाको सावाँ-ब्याज वा किस्ता रकम तिर्न नसकी त्यस्तो रकम २०७२ चैत मसान्तभित्र प्राप्त भएमा असल कर्जामै गणना गर्ने र कुनै प्रकारको हर्जाना वा शुल्क नलगाउने, उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, पर्यटन र ऊर्जा लगायतका सेवा क्षेत्रका ऋणीले लिखित कार्ययोजना सहित माग गरेमा २०७२ चैत मसान्तभित्र एक पटकका लागि बढीमा १ वर्षसम्म कर्जा पुनर्तालिकीकरण वा पुनरसंरचना गर्न सकिने, २०७२ पुस मसान्तसम्म पाकेको ब्याज २०७२ माघ मसान्तसम्ममा प्राप्त भएमा चालू आर्थिक वर्षको दोस्रो त्रयमासको नाफा नोक्सान हिसाबमा राख्न सकिने, प्रतीतपत्रको आधारमा प्रवाह गरिने ट्रष्ट रिसिट कर्जाको अवधि विद्यमान १२० दिनबाट बढाई बढीमा १८० दिन कायम गर्ने लगायतका निर्देशनहरू समेत जारी गरिएका छन् ।


५६. बैकिङ्ग कारोबारको जोखिम कम गरी बैकिङ्ग प्रणालीप्रति सर्वसाधारणको विश्वासलाई सुदृढ गर्न यस बैंकले बासेल-३ मा आधारित New Capital Adequacy Framework-2015 जारी गरेको छ । यसलाई वाणिज्य बैंकहरूले २०७२ पुसदेखि समानान्तर रूपमा (Parallel Run) र २०७३ साउनदेखि पूर्ण रूपमा कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

५७. यस बैंक अन्तर्गत सञ्चालन हुने गरी स्थापना भएको पुनरुद्धार कोष रु. १०० अर्बको रहेको र यसबाट सीमा नाकामा भएको अवरोध तथा आपूर्ति प्रणालीको असहज परिस्थितिका कारण सङ्कुचन भएको आर्थिक गतिविधिलाई पुनरुत्थान गर्न तोकिएका क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गर्ने रु. १० करोडसम्मको कर्जामा ४ प्रतिशत र सोभन्दा माथिको थप कर्जामा २ प्रतिशत ब्याज अनुदानको व्यवस्था गरिएको छ । साथै, कोषबाट भूकम्प पीडितहरूलाई तोकिएको व्यवसाय गर्न बैंक तथा वित्तीय संस्थाहरूले ५ प्रतिशतसम्मको ब्याजदरमा कर्जा प्रदान गर्न सक्ने र यसका लागि १.५ प्रतिशतमा पुनरकर्जा उपलब्ध गराउने प्रावधान रहेको छ ।

# पुँजी बजार

५८. नेप्से सूचकाङ्क २०७३ वैशाख मसान्तमा १,४८१.९ बिन्दुमा पुगेको छ । बैंक तथा वित्तीय संस्थाहरूको पुँजी वृद्धि गर्ने समय सीमा सहितको नीति आए पछि बैंक तथा वित्तीय संस्थाहरूले वोनस एवम् हकप्रद सेयर जारी गरेका, २०७२ माघदेखि कागजरहित सेयर (डिम्याट) प्रणालीबाट मात्र कारोबार भएको तथा लगानीकर्ताहरूमा राजनीतिक संक्रमण अन्त्य हुने अपेक्षा बढ्दै गएको कारण सेयर बजार परिसूचक उच्चदरमा बढेको हो ।

चार्ट ७. नेप्से परिसूचक (२०७१/७२-२०७२/७३)




५९. समीक्षा अवधिमा कुल सेयर कारोबार रकम रु. १७ अर्ब ९९ करोड पुगेको छ । त्यसैगरी, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको चुक्ता पुँजी २०७३ वैशाख मसान्तमा रु. २५८ अर्ब ९४ करोड पुगेको छ । आर्थिक वर्ष २०७२/७३ को दश महिनासम्ममा रु. १ अर्ब ९५ करोड बराबरको साधारण सेयर, रु. ३ अर्ब २० करोड बराबरको हकप्रद सेयर, रु. १४ अर्ब ८३ करोड बराबरको बोनस सेयर र रु. १ अर्ब ७० करोड बराबरको डिबेन्चर गरी कुल रु. २१ अर्ब ६८ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।